*ज्ञानदीप, विज्ञसमीक्षित जर्नल*
*वर्ष १०, अङ्क १, २०८१, असार, पृ. ४४–५५*
*ISSN 2382–543X*
*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

**पवित्रा कथामा अर्थसापेक्ष**

डा. दीपकप्रसाद न्यौपाने

उपप्राध्यापक, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

tu.deepak31@gmail.com

**लेखसार**

विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचना गरिएको *दोषी चश्मा* कथासङ्ग्रहमा सङ्गृहीत 'पवित्रा' कथामा व्यञ्जित सारवस्तुको अर्थसापेक्षताको विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रही तयार पारिएको छ लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । यस लेखमा 'पवित्रा' कथामा कस्तो सारवस्तुलाई केकसरी अभिव्यक्त गरिएको छ भन्ने मुख्य समस्यालाई उठाई ती समस्याहरूको प्राज्ञिक समाधानका क्रममा कथामा व्यञ्जित सारवस्तुको विश्लेषण गर्दै यसको अर्थसापेक्षताको ढाँचालाई केलाइएको छ । यसमा कोइरालाको 'पवित्रा' कथालाई प्राथमिक स्रोतका सामग्रीका रूपमा लिई सूक्ष्म पठन विधिका माध्यमबाट प्राथमिक सामग्रीको अर्थापन गरिएको छ । यस लेखमा कथाको विधागत स्वरूप एवम् मनोविश्लेषणको सैद्धान्तिक पक्षको विश्लेषणका क्रममा र प्राथमिक सामग्री अर्थात् 'पवित्रा' कथाको अर्थापनका क्रममा कोइरालाका बारेमा अध्ययन विश्लेषण गरिएका पुस्तकालयीय स्रोतका सामग्रीहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । प्रस्तुत 'पवित्रा' कथामा जीवनशक्तिका दुर्घटनाका कारण कथाकी मुख्य चरित्र पवित्रामा मनस्तापको सिर्जना भई उनमा निवृत्तिमूलक मरणेच्छापरक मनोरुग्णताको विकास भएको छ भन्ने मुख्य सारवस्तुलाई अन्योक्तिमूलक अर्थसापेक्षताका माध्यमबाट प्रस्तुत गरिएको छ भन्ने निष्कर्ष यस लेखबाट प्राप्त भएको छ । यसै गरी विवेच्य कथामा सारवस्तुका अभिव्यञ्जनामा कथानक, पात्र, परिवेश, दृष्टिविन्दु तथा विभिन्न प्रतीकहरूले अभिव्यञ्जक एकाइका रूपमा भूमिका खेलेको तथ्यलाई पनि यस लेखमा प्रस्तुत गरिएको छ । कथामा कथाकारले गरेको पात्रहरूको मनस्थितिको विश्लेषणको ढाँचा पत्ता लगाई पात्रमा विकसित विभिन्न संवेगहरूको चिरफार गर्दै सारवस्तुको अभिव्यञ्जन प्रक्रियाको विश्लेषण गर्नु यस लेखको प्राप्ति हो ।

*शब्दकुञ्जी :* अन्योक्तिमूलक, अर्थसापेक्ष, कामशक्ति, मनस्ताप, हीनताग्रन्थि, सारवस्तु

**विषयपरिचय**

पवित्रा विश्वेश्वरप्रसाद कोइरालाको मनोविश्लेषणात्मक ढाँचामा लेखिएको कथा हो । *दोषी चश्मा* कथासङ्ग्रहमा सङ्ग्रहित प्रस्तुत कथाको मूल कथ्य वा सारवस्तुको अभिव्यञ्जन प्रक्रियाको विश्लेषण गर्नु यस लेखको मुख्य विषय हो । कथाकारले अभिधेय वा अन्योक्तिमूलक ढाँचाबाट कथामा सारवस्तुलाई पाठकसमक्ष सम्प्रेषण गरेको हुन्छ । यही सम्प्रेषण ढाँचा अथवा अर्थसापेक्षकै कारण कथाहरू अभिधेय वा अन्योक्तिमूलक बन्न पुग्दछन् । सारवस्तुका अर्थसापेक्षताका यी ढाँचाहरूमध्ये विश्वेश्वरप्रसाद कोइरालाको 'पवित्रा' कथामा कुनकुन कथोपकरणका माध्यमबाट केकस्तो सारवस्तुलाई कुन ढाँचाबाट सम्प्रेषण गरिएको छ भन्ने कुरालाई नै यस लेखमा

विवेचनाको विषय बनाइएको छ । यस तात्पर्यमा 'पवित्रा' कथामा प्रयुक्त सारवस्तुलाई केलाएर उक्त सारवस्तुको अर्थसापेक्षताको अध्ययन गर्नु नै यो लेखको उद्देश्य हो ।

सारवस्तु भनेको कथामा कथाकारले प्रस्तुत गरेको मुख्य विचार हो । यसलाई अन्तर्वस्तु, मूल कथ्य, मूल भाव, मुख्य विचार, जीवनदृष्टि, सन्दर्भ, केन्द्रीय कथ्य अथवा विषयवस्तुका रूपमा पनि चिनाइएको पाइन्छ (गौतम २०७२, पृ. ४५-४६) । वास्तवमा सिङ्गो कथाका माध्यमबाट व्यक्त गरिएको विचार नै सारवस्तु हो । कुनै कथाकृति पढिसकेपछि समग्रमा हामी त्यसमा जुन भावार्थ वा अभिप्राय पाउँछौँ त्यही नै सारवस्तु हो भन्ने श्रेष्ठ (२०६८, पृ. १२) को परिभाषाले सारवस्तु समग्र रचनाको सार वा लेखकले भन्न खोजेको मूल विचार हो भन्ने सङ्केत गरेको छ । केन्द्रीय भाव, निर्देशित विचार वा अन्तर्निहित सत्यका रूपमा रहेको सारवस्तुलाई कथाको मेरुदण्ड मान्ने गरिएको छ । श्रेष्ठ यसलाई कथाका अन्य अङ्गहरूलाई समेत गतिशील तुल्याउने शक्तिका रूपमा परिभाषित गर्दछन् (२०६६, पृ. ६८) । यस तात्पर्यमा कथाको मुख्य घटकका रूपमा सारवस्तुले कथामा भूमिका खेलेको देखिन्छ । सारवस्तुकै अभिव्यञ्जनाका लागि कथाकारले कथावस्तु लगायतका उपकरणको विन्यास गरेको हुन्छ । कथामा यस्तो सारवस्तुलाई अन्तर्नाटकीकृत गरी आख्यानीकरणका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ । कथाकारले यस किसिमको सारवस्तुलाई बिनाआग्रहीकरण जति बढी कुशलतापूर्वक नाटकीकरण गर्न सक्छ; कथा त्यति जीवन्त हुने गर्दछ (श्रेष्ठ, २०६८, पृ. १२) । यसै प्रसङ्गमा श्रेष्ठले सारवस्तुलाई नदीको पानीभित्रको विद्युतीय धारको दृष्टान्तमा प्रस्तुत गरी यसले मानव मनलाई प्रभावित पार्ने धारणा राखेका छन् ।

अर्थसापेक्ष भनेको रचनामा मूल कथ्य, विचार वा अर्थलाई सम्प्रेषण गर्ने ढाँचा हो । यसलाई सारवस्तुलाई पाठकसमक्ष सम्प्रेषण गर्ने रणनीतिका रूपमा लिने गरिएको छ (श्रेष्ठ, २०६८, पृ. २०२) । कथामा सारवस्तुको अर्थसापेक्षता अभिधात्मक, अन्योक्तिमूलक, प्रतीकात्मक वा विम्बात्मक रूपमा भएको हुन्छ भन्ने गौतमको धारणा रहेको छ (२०७२, पृ. १०८) । अभिधेय अर्थसापेक्षमा सारवस्तु अभिधेय तहबाटै सपाट प्रस्तुतिका साथ व्यक्त भएको हुन्छ भने अन्योक्तिमूलक अर्थक्षेपणचाहिँ रहस्यात्मक वा व्यञ्जनात्मक प्रकृतिको हुन्छ । प्रतीकात्मक अर्थक्षेपण साङ्केतिक प्रकृतिको हुन्छ । यसमा विभिन्न प्रतीकहरूका माध्यमबाट सारवस्तुलाई प्रस्तुत गरिएको हुन्छ । बिम्बात्मक अर्थक्षेपणमा विभिन्न विम्बका सहायताले चित्रात्मक रूपमा सारवस्तुको उपस्थापन गरिएको हुन्छ । यसका अतिरिक्त मिथकीय युक्ति, स्वैरकल्पनात्मक युक्ति, परोक्ष यथार्थपरक युक्ति, मायावी यथार्थपरक युक्ति, आदिका माध्यमबाट समेत सारवस्तुको उपस्थापन गर्न सकिने मान्यता राखिएको पाइन्छ (गौतम, २०७२, पृ. ११७) । प्रस्तुत कथामा कुन ढाँचाबाट सारवस्तुलाई अभिव्यञ्जन गरिएको छ भन्ने कुराको खोजी गरिएको छ ।

विश्वेश्वरप्रसाद कोइराला आधुनिक नेपाली कथाका क्षेत्रमा मनोविश्लेषणवादी धाराको प्रवर्तन गर्ने कथाकार मानिन्छन् । उनको कथाकार व्यक्तित्व र कथाहरूका बारेमा धेरै समीक्षकहरूले परिचर्चा गरेका छन् । शर्मा (२०५९) ले कोइरालाका पवित्रा, कर्नेलको घोडा, मधेशतिर, श्वेतभैरवी आदि कथाहरूमा फ्रायड, एडलर र युङ्का मूलभूत स्थापनाहरूको अनुप्रेरणामा मानव मनका गूढ यथार्थहरूको समुद्घाटन गरी जटिलभन्दा जटिल मानसिक समस्याको विश्लेषण गर्ने अभिरुचि रहेको धारणा राखेका छन् (पृ.१८२) । पराजुलीले कोइरालाका सबैजसो कथामा मन:संरचनाका पक्ष र वृत्तिहरूका साथै पात्रका मानसिक संवेग एवम् पात्रहरूमा अन्तर्निहित अतृप्त यौनेच्छाको विश्लेषण गरिएको धारणा राखेका छन् । कोइरालाले आफ्ना कथामा विभिन्न यौनप्रतीकहरूको प्रयोग गरी दमित यौनेच्छाको अध्ययनमा रुचि लिएको शर्माको धारणा रहेको छ (पृ.१८३-१८६) ।

यसै गरी कोइरालाका कथागत प्रवृत्तिहरूका विश्लेषणका क्रममा गौतम र अधिकारी (२०६९) ले नेपाली कथामा मनोवैज्ञानिक धाराको थालनी विश्वेश्वरप्रसाद कोइरालाबाट भएको विचार व्यक्त उनका अधिकांश कथाहरूमा पात्रका इद, अहम् तथा पराअहम्जस्ता विभिन्न मानसिक मनोवृत्तिहरूको उद्घाटन गर्नाका साथै पात्रका विभिन्न प्रकारका मानसिक द्वन्द्व तथा मनोग्रन्थिका आधारमा विश्लेषणात्मक ढङ्गले कथावस्तु बुनेको धारणा राखेका छन् (पृ. ८०) ।

कथाको विधागत स्वरूपको सैद्धान्तिक निरूपण गर्ने समालोचक दयाराम श्रेष्ठले विश्वेश्वरप्रसाद कोइरालाको कथाकारिताका बारेमा चर्चा गर्दै कोइरालाले आफ्ना कथामा यौनशक्तिले मान्छेका जीवनमा खेल्ने भूमिकालाई अत्यधिक महत्त्व दिएको धारणा राखेका छन् (२०७०, पृ. ७०) । उनले यस क्रममा कोइरालाई नाटकीकरणद्वारा यथार्थको रहस्यलाई मुखर पार्ने तथा पात्रको मानसिक संवेगात्मक जीवनको जीवन्त चित्रणका लागि विभिन्न मनोग्रन्थि तथा यौनप्रतीकहरूको आख्यानीकरण गर्ने फ्रायडवादी कथाकारका रूपमा चिनाएका छन् (पृ.७१) ।

कोइरालाका कथागत प्रवृत्तिहरूका निरूपणका सन्दर्भमा गरिएका यी समीक्षाहरूले कोइरालाको प्रस्तुत ‘पवित्रा’ कथामा पनि मनोविज्ञानका यिनै विविध पक्षहरूको प्रयोग गरी सारवस्तुलाई अभिव्यक्त गरिएको सङ्केत पाइन्छ । यस कोणबाट भने प्रस्तुत कथामा सारवस्तुको अभिव्यञ्जन प्रक्रियाको विश्लेषण नगरिएको हुनाले प्रस्तुत लेखमा यस विषयलाई अनुसन्धेय बनाइएको हो । कोइरालाको प्रस्तुत ‘पवित्रा’ कथामा मनोविश्लेषणका यी विविध पक्षहरूका साथ सारवस्तुको अभिव्यञ्जन कसरी भएको छ भन्ने मुख्य समस्यामा केन्द्रित भएर यो लेख तयार पारिएको छ । यसका लागि प्रस्तुत लेखमा ‘पवित्रा’ कथामा कस्तो सारवस्तुको अभिव्यक्ति रहेको छ, उक्त सारवस्तुको अभिव्यक्तिका लागि कुन कुन कथोपकरणले कसरी भूमिका खेलेका छन् तथा कथामा सारवस्तुको अर्थसापेक्षण कसरी भएको छ भन्ने समस्याहरूमा केन्द्रित भई यिनै समस्याहरूको प्राज्ञिक समाधान गर्ने कामलाई यस लेखको मुख्य उद्देश्य बनाइएको छ । यसका लागि प्रस्तुत लेखमा ‘पवित्रा’ कथामा व्यञ्जित सारवस्तुको अध्ययन गरी सारवस्तुका अभिव्यञ्जनामा सहभागी रहेका कथोपकरणहरूको भूमिका एवम् सारवस्तुको अर्थसापेक्षताको विश्लेषण गरिएको छ । यस लेखमा सारवस्तुका दृष्टिले विश्वेश्वरप्रसाद कोइरालाको ‘पवित्रा’ कथाको विश्लेषण गर्नका साथै सारवस्तुको अर्थसापेक्षणको परीक्षण गरिएकाले प्रस्तुत कथामा व्यञ्जित सारवस्तुको अर्थसापेक्षताको बोध गर्न र सारवस्तुको अर्थसापेक्षताका ढाँचाका बारेमा जानकारी लिन जोकोही अध्येता तथा अनुसन्धाताहरूका लागि यो लेख उपयोगी रहेकाले यस लेखको औचित्य तथा महत्त्व रहने देखिन्छ । यो लेख ‘पवित्रा’ कथाको सारवस्तुको अभिव्यञ्जन ढाँचाको विश्लेषणमा मात्र परिसीमित रहेको छ । त्यसैले यस लेखमा सारवस्तुका अभिव्यञ्जनामा भूमिका खेल्ने पक्षहरूको मात्र विश्लेषण गरिएको छ । यसबाहेकका अन्य पक्षहरू यस लेखका सीमाका रूपमा रहेका छन् ।

## अध्ययनविधि

यो लेख गुणात्मक ढाँचामा केन्द्रित भई तयार पारिएको छ । यसमा विश्वेश्वरप्रसाद कोइरालाको पवित्रा कथालाई प्राथमिक सामग्रीका रूपमा लिई सूक्ष्म पठन विधिका माध्यमबाट कथामा रहेको सारवस्तुको अर्थ सापेक्षताको अध्ययन गरिएको छ । यस अध्ययनमा अर्थसापेक्ष तथा सारवस्तुको सिद्धान्तलाई *नेपाली कथा भाग ४* (२०६८) तथा *अभिनव कथाशास्त्र* (२०६५) मा दयाराम श्रेष्ठले प्रस्तुत गरेका मान्यता एवम् *लघुकथाको रचनाविधान*

(२०७२) पुस्तकमा लक्ष्मण गौतमले प्रस्तुत गरेका सैद्धान्तिक मान्यताका आधारमा र मनोविश्लेषणका सिद्धान्तलाई फ्रायड, एडलर र युङ्का मान्यताहरूको व्याख्या विश्लेषण गरिएका द्वितीयक स्रोतका पुस्तकहरूका आधारमा ग्रहण गरी यिनै मान्यताहरूका आधारमा 'पवित्रा' कथामा अभिव्यञ्जित सारवस्तुको विश्लेषण गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाका कथागत प्रवृत्तिहरूका साथै उनका कथाका बारेमा विश्लेषण गरिएका सामग्रीहरूचाहिँ यहाँ द्वितीयक सामग्रीका रूपमा प्रयोग भएका छन् ।

विश्वेश्वरप्रसाद कोइरालाको मनोविश्लेषणात्मक ढाँचामा लेखिएको 'पवित्रा' कथामा रहेको सारवस्तुको अर्थसापेक्षताको अध्ययनका क्रममा यस कथामा प्रयुक्त मनोवैज्ञानिक पक्षहरूको विश्लेषणका लागि फ्रायड, एडलर तथा युङ्का मान्यताहरूलाई उपयोग गरिएको छ । कथा हो । फ्रायडलाई मनोविश्लेषणका प्रवर्तकका रूपमा लिने गरिएको छ (बराल र एटम, २०५८, पृ. १३३) । उनीपछि एडलर, युङजस्ता मनोविश्लेषकहरूले यस क्षेत्रमा विशिष्ट योगदान दिएका छन् । फ्रायडलगायतका मनोविश्लेषकहरूले व्यक्तिका मनोवृत्तिका अध्ययनका क्रममा मनका आकारात्मक तथा गत्यात्मक स्वरूपका बारेमा चर्चा गर्नाका साथै जीवनलाई गतिशीलता प्रदान गर्ने मनो ऊर्जा लिबिडो वा कामशक्ति, मान्छेका जीवनोन्मुख र मरणोन्मुख दुई मुख्य प्रवृत्ति, मान्छेका मनमा रहने हीनता तथा उच्चताग्रन्थि, व्यक्तिका अन्तर्मुखी र बहिर्मुखी स्वभाव, व्यक्तिमा चिन्ताका कारण विकसित हुने मनस्ताप, व्यक्तिका अवचेतनमा दमित भएर रहने कुण्ठा एवम् तिनको असामान्य प्रकटीकरणको अवस्था आदिका बारेमा चर्चा गरेका छन् । मनोविश्लेषणका यी विविध पक्षहरूमध्ये प्रस्तुत 'पवित्रा' कथा मनको तथा गत्यात्मक अवस्था, कामवृत्ति, हीनताग्रन्थि, मनस्तापजस्ता प्रवृत्तिहरूका केन्द्रीयतामा विश्लेष्य रहेको छ ।

फ्रायडले मनको सिद्धान्तको व्याख्याका क्रममा मनलाई आकारात्मक दृष्टिले चेतन, अर्धचेतन र अचेतन तीन तहमा र गत्यात्मक दृष्टिले इद, इगो र सुपर इगो तीन भागमा वर्गीकरण गर्दै मान्छेमा अवचेतन मन तथा इदको सर्वोपरि भूमिका रहने धारणा राखेका छन् (पौड्याल, २०७०, पृ. ७०) । उनका अनुसार अवचेतन मन नै निकास हुन नपाई दमित भएका इच्छा आकाङ्क्षाको भण्डारण हो (शर्मा र लुइटेल, २०६१, पृ. १७३) यही अवचेतनमा दमित भएर रहेका कुण्ठाहरूले मान्छेलाई मनोरोगी बनाएको हुन्छ र उसमा मनस्ताप विकास हुने गर्दछ । फ्रायडले लिबिडो वा कामवृत्ति अथवा जीवन शक्तिलाई नै जीवन सञ्चालक शक्तिका रूपमा चिनाएका छन् । उनका अनुसार मान्छेका सम्पूर्ण क्रियाकलापहरू कामवृत्तिकै प्रेरणाबाट सञ्चालित भएका हुन्छन् (बराल र एटम, २०५८, पृ. १३२) । यसलाई व्यक्तित्वको गतिशीलतालाई कायम राख्ने ऊर्जा शक्तिका रूपमा व्याख्या गर्दै यसबाट मूल प्रवृत्तिमूलक कार्यहरू सम्पन्न हुने र यस्ता मूल प्रवृत्तिहरू जीवनेच्छा र मरणेच्छा गरी दुई किसिमका हुने मनोविश्लेषकहरूको धारणा रहेको छ (रेग्मी, २०५०, पृ. ४) । जीवनेच्छासँग सम्बन्धित प्रवृत्ति सकारात्मक ऊर्जासँग सम्बन्धित रहन्छन् भने मरणेच्छामूलक प्रवृत्तिचाहिँ नकारात्मक हुन्छन् । जीवनउन्मुख प्रवृत्तिले मानिसलाई रचनात्मक उत्प्रेरणा र मरणोन्मुख प्रवृत्तिले विनाशात्मक प्रेरणा दिन्छन् (बराल र एटम, २०५८, पृ. १३३) ।

फ्रायडले व्यक्तिमा रहने विभिन्न ग्रन्थिका बारेमा समेत चर्चा गरेका छन् । उनका अनुसार मान्छेका अचेतनमा रहेका प्रबल इच्छाहरूको दमनबाट मनोग्रन्थिको विकास हुन्छ र यी ग्रन्थीहरू प्रकटीकरणको अवसर नपाएर दमित बन्दै जाँदा व्यक्तिमा स्नायुविकार भई ऊ असन्तुलित बनी असामान्य व्यवहार देखाउन थाल्दछ (बराल र एटम, २०५८, पृ. १३५) । एडलरले यस्ता ग्रन्थिलाई दुई भागमा वर्गीकरण गर्दै हरेक मानिस कुनै न कुनै रूपमा कमजोर हुने भएकाले उसमा हीनत्वको भाव उत्पन्न हुने र त्यसको क्षतिपूर्ति स्वरूप सङ्घर्ष गरेर उसले आफूलाई सिर्जनात्मक कार्यमा लगाएर उच्च स्थान प्राप्त गर्ने धारणा राखेका छन् (श्रेष्ठ, २०७०, पृ. ७९) । आङ्गिक हीनता

भएका वा असहायभाव भएका व्यक्तिमा यस किसिमको हीनताग्रन्थि रहने र यस्ता व्यक्तिहरूमा मनस्ताप एवम् मनोविच्छित्ति देखिने एडलरको मान्यता छ (रेग्मी, २०५०, पृ. ४) । 'पवित्रा' कथामा मनोविज्ञानमा प्रयोग हुने उल्लेखित पक्षको नै प्रयोग भएको हुनाले प्रस्तुत कथाका विश्लेषणका क्रममा के कस्ता मनोवैज्ञानिक पक्षहरूको उद्घाटनका माध्यमबाट सारवस्तुको अभिव्यञ्जन भएको छ भन्ने कुरालाई यस अध्ययनमा सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ ।

## नतिजा र छलफल

'पवित्रा' विश्वेश्वरप्रसाद कोइरालाको चरित्रप्रधान मनोविश्लेषणात्मक कथा हो । सीमित चरित्रको प्रयोग गरिएको यस कथामा पवित्रालाई नै केन्द्रीय चरित्रका रूपमा उभ्याई उसको मनोसंरचना तथा मनोग्रन्थिको विश्लेषण गरिएको छ । कथामा उसको मनस्थितिको विश्लेषणकै आधारमा सारवस्तुको निर्धारण गरिएको छ भन्ने कुरालाई कथामा प्रयुक्त विभिन्न सन्दर्भका आधारमा स्पष्ट पार्न सकिन्छ । 'पवित्रा' कथामा प्रयुक्त कथानक, चरित्र, परिवेश, दृष्टिविन्दु तथा विविध प्रतीकहरूका माध्यमबाट सारवस्तुलाई व्यञ्जित गरिएको हुनाले यिनै कोणबाट यस कथामा व्यञ्जित सारवस्तुको विश्लेषण गरिएको छ :

### पवित्रा कथामा सारवस्तु

'पवित्रा' कथामा कथाकारले अत्यन्तै सचेत कथाशिल्पी बनेर बिनाआग्रहीकरण नाटकीकृत रूपमा सारवस्तुलाई प्रक्षेपण गरेका छन् । कथाको समग्र आस्वादनपछि यौनशक्तिले उपयुक्त निकास नपाएमा यसले जीवनका मूल्यहरूलाई विनष्ट पारी व्यक्तिमा कुण्ठा, निराशा, पलायन र मरणेच्छाजस्ता मनोवृत्तिको विकास गरिदिन्छ भन्ने मुख्य सारवस्तुको अभिव्यक्ति भएको छ । 'पवित्रा' कथाको सारवस्तु कथाकी केन्द्रीय चरित्र पवित्रामा अन्तर्निहित यौनशक्तिसँग सम्बन्धित रहेको छ । उनी केशवदेवकी घरमा भान्सेबाहुनीका रूपमा आश्रय पाएकी एक्ली असहाय र शारीरिक दृष्टिलेसमेत विकलाङ्ग चरित्र हुन् । अड्डामा जागिरे जीवन बिताइरहेका केशवदेव पनि पारिवारिक सदस्य नभएका एक्ला चरित्र नै हुन् । पवित्रा केशवदेवभन्दा उमेरले निकै पाकी नारी पात्रका रूपमा देखापरेकी छन् । उनी "आँखा तानिएका, घाँटी गाँडले विकृत भएको, देब्रे गोडा दाहिनेभन्दा सानो भएकाले हिँड्दा खोच्याएर हिँड्नुपर्ने, ईश्वरको यो राम्रो सृष्टिमा पवित्रा त्यस्ती एउटी प्राणी थिइन् । तिनलाई बाहुनी भनीकन भात पकाउने ठाउँमा पस्न दिनु हिन्दू धर्मको खिसी गर्नुजस्तो थियो" (कोइराला, २०५४, पृ. ३५) । यस कथनले उनी विकृत रूप भएकी चरित्रका रूपमा देखिएकी छन् । केशवदेव एक्लै भएका कारण उनी लामो समयदेखि केशवदेवकी गृहस्थकी अङ्ग बनेर रहेकी छन् । केशवदेव उनलाई दया वा करुणाका दृष्टिले हेर्छन् । यही करुणाकै कारण केशवदेव उनको सट्टा अर्की भान्से राख्न सक्दैनथे । "तिनको सट्टा अर्की सुगर बाहुनी राखूँ भन्ने विचार हुँदा पवित्रामाथि करुणा लाग्थ्यो र केशवदेवले तिनलाई निकाल्न सक्दैनथे" (कोइराला, २०५४, पृ. ३५) । यस कथनले पवित्रा केशवदेवकी केवल दयाकी पात्र मात्र थिइन् भन्ने कुरा स्पष्ट पार्दछ ।

एक्ला केशवदेवको घरकी एकमात्र सहयोगी चरित्रका बनेर रहेकी पवित्रा सुसारे, भाँडा माज्ने, कुचो लगाउने नोकर्नी तथा भान्सेबाहुनीका रूपमा रहीकन पनि केशवदेवलाई पत्नीवत् प्रेम, स्नेह र आदरभावका साथ पतिमाथिको पत्नीकोजस्तै सम्प्रभुत्व दर्साइरहेकी छन् । पुरातन पितृसत्तात्मक समाजमा नारीहरूले आफ्नो लोग्नेलाई जसरी पति परमेश्वरका रूपमा मानेर चरणदासीका रूपमा सेवा गर्दछन्; त्यसरी नै पवित्रा केशवदेवलाई सेवा, सत्कार, आदर, तथा सम्मान गर्छिन् र यही कारणले उनी केशवदेवको सेवामा अहर्निश लागेकी छन् । यसले उनलाई जीवनप्रति

आशावादीसमेत बनाएको छ । यही आशावादसँग सम्बन्धित उनको अन्त:स्थ चेतना नै उनको जीवनशक्ति अथवा यौनशक्ति अथवा मनोविज्ञानका भाषामा लिबिडो हो । पवित्रा यही यौनशक्तिद्वारा परिचालित पात्रका रूपमा यस कथामा देखापरेकी छन् । केशवदेवप्रतिको समर्पण तथा कामप्रतिको निष्ठा र सक्रियतालाई यही जीवनशक्तिको प्रभावका रूपमा बुझ्न सकिन्छ । बिहान झिसमिसमा उठ्नु, सडकको धारामा नुहाई केशवदेवलाई नुहाउन पानी भरेर कौसीमा राखिदिनु, पूजा सामग्री ठिक्क पार्नु, कुचो लाउनु, भात पकाउनु, केशवदेवलाई निद्रा परे नपरेको वा हरेक क्रियाको ख्याल गर्दै केशवदेव उठ्ने समयअगाबै दिसा जान लोहोटामा पानी राखिदिनु, कौसीमा साबुन, माटो, धोती तथा रुमाल राखिदिनु, खानामा कुनै त्रुटि हुन नदिनु, त्रुटि भइहाले अत्यन्तै सचेत भएर तत्काल अर्को व्यवस्था गरिहाल्नुजस्ता पवित्राका कार्यहरूले उनी आफूलाई भान्सेबाहुनी वा सुसारे मात्र नठानी आगामी दिनका लागि केशवदेवकै अर्धाङ्गिनीका रूपमा अनुभव गरिरहेकी छन् भन्ने बुझिन्छ । केशवदेवप्रतिको यही भावनाले उनलाई गतिशील बनाएको र जीवनप्रति सकारात्मक ऊर्जा भरिरहेको कुरा कथाका विभिन्न सन्दर्भका माध्यमबाट स्पष्ट पारिएको छ । वास्तवमै पवित्रा केशवदेवको हृदयमा साम्राज्य जमाई बस्न चाहन्छिन् । यही कारण उनी केशवदेवको सेवामा कुनै कमी हुन दिन्नन् ।

पवित्रा केशवदेवप्रति पत्नीभावबाटै समर्पित हुन छरछिमेकका परिहासोक्तिले पनि भूमिका खेलेको देखिन्छ । छिमेककी घरको कौसीमा रहेकी नेवारकी स्वास्नी पवित्रालाई कागले हैरान पार्दा “हेर कस्तो नकचरो कौवा रहेछ एक्लै भएकी पवित्रा बजैलाई दुःख दिँदो रहेछ । बाजे पनि हुनुहुन्न” (कोइराला, २०५४, पृ. ३७) भनेर परिहास गर्दा पवित्रा मख्ख पर्छिन् । यसबाट छरछिमेकले पनि केशवदेवसँगको सम्बन्धलाई पतिपत्नीकै रूपमा बुझिदियोस् भन्ने पवित्राको मनोवृत्ति झल्किएको पाइन्छ । उनी केशवदेवलाई अरू कसैले नभेटोस्; उनी आफ्नो आँखाका परिधिमा केवल आफ्ना लागि मात्रै रहिरहुन् भन्ने भावना राख्दछिन् । केशवदेव घरमै हुँदा उनलाई भेट्न आएका अड्डाकै कारिन्दालाई केशवदेव घरमा हुनुहुन्न भनेर पवित्राले फर्काइदिएको सन्दर्भबाट यो कुरा पुष्टि भएको छ । उनी घरमा कोही आएको मन पराउँदिनन् । यसलाई केशवदेवलाई आफ्नो साम्राज्यमा एक्लो सम्प्रभुत्व कायम गर्ने पवित्राको मनोवृत्तिका रूपमा कथाकारले प्रस्तुत गर्न खोजेको देखिन्छ । केशवदेवले यस विषयमा प्रतिक्रिया दिएपछि चाहिँ उनी केशवदेव आफूप्रति रुष्ट नहुन् भनेर सबैलाई आफ्नो घरमा स्वागतसम्मान गर्दछिन् । यी सबै घटनासन्दर्भलाई कथाकारले केशवदेवप्रतिको पवित्राको आसक्ति एवम् अनुरागका सन्दर्भबाट नै प्रस्तुत गरेका छन् ।

केशवदेवले कुनै केटीको तस्बिर हेरेर उनीसँग विवाह गर्ने निश्चय गरेको कुराले पवित्राको मनस्थितिमा गम्भीर चोट परेको छ । यस घटनालाई कथामा यसरी चित्रण गरिएको छ - “जब तिनले सुनिन्, बाबुले एउटी केटीको तस्बिर हेरेर उनीसँग विवाह गर्ने निश्चय गरे, उनलाई भयानक दुःख भयो । दिनभरि कसैसँग नबोली आफ्नो काम गरिरहिन् । राति सारा शरीरमा दर्द भयो, ज्वरांश पनि थियो” (कोइराला, २०५४, पृ. ३८) । केशवदेवले गरेको यो निर्णयलाई लिएर दु:खित हुनु, शरीरमा दर्द हुनु तथा ज्वरांशसमेत हुनुलाई यौनशक्ति वा जीवनशक्ति माथिकै दुर्घटनाका रूपमा कथामा चित्रण गरिएको पाइन्छ । सहज रूपमा जीवनलाई गतिशीलता प्रदान गरिरहेकी पवित्रा यस घटनाले विक्षिप्तप्राय: भएकी छन् । उनी कामेच्छामाथिको प्रताडनाबाट हदैसम्म पीडित बन्न पुगेकी छन् । हिजोसम्म उनी जीवनप्रति आशावादी थिइन् । केशवदेवबाट कुनै आर्थिक लाभ होस् वा नहोस् भन्ने उनलाई केही पर्वाह थिएन । उनले आफूलाई केशवदेवका घरमा तलबमा बसेकी भान्सेबाहुनी हुँ भनेर पनि बिर्सिएकी थिइन् । उनी मनले, भावनाले, चेतनाले अथवा अन्तरनिहित अव्यक्त यौनवासनाले नै केशवदेवप्रति समर्पित थिइन् । केशवदेवको यो निर्णय उनको

चेतना, कामेच्छा वा वासनामाथिकै प्रहार थियो । यो प्रहारबाट पवित्रामा जुन किसिमको मनस्तापको विकास भएको छ; त्यसलाई प्रस्तुत गर्नु नै 'पवित्रा' कथाको मूल उद्देश्य हो ।

पवित्रा केशवदेवको विवाह गर्ने निर्णयलाई सुनेपछि साँच्चै मानसिक रूपमा विक्षिप्त बन्छिन् । उनलाई आफ्नो वास्तविकताको बोध हुन्छ । उनी जीवनप्रति नै निरास प्रकट गर्न थाल्दछिन् । यो घटनापछि केशवदेवसँग आफ्नो तलबको माग गर्नु, जीवनभरिको आफ्नो कमाइले केशवदेवकी पत्नीका लागि चारवटा सुनका बाला किनिदिनु तथा आफ्ना लागि फरिया र चोली किनेर सबै पैसा खर्च गर्नु यही निराशावादी सोचकै परिणाम हो । उनी आफ्नो भविष्यका बारेमा कुनै कुरा सोचिरहेकी छैनन् मात्र निराशापूर्ण विसङ्गतिको मनस्तापमा रहेकी देखिन्छिन् ।

पवित्रा केशवदेवलाई आफ्नै पतिविम्बमा अनुभव गरिरहेकी छन् । केशवदेवलाई आफ्नो मात्र अधिकारको साम्राज्यमा देख्न चाहने अथवा उनलाई वास्तविक अर्थमै संवेगात्मक अथवा वासनात्मक प्रेम गर्दै आफ्ना यौनच्छाहरूको पूर्ति गर्ने उनको आकाङ्क्षा थियो भन्ने कुरा विभिन्न घटनाले अभिव्यक्त गरेका छन् । केशवदेवको बिहे गर्ने निर्णयपछि सो विषयलाई छिमेकी नेवार्नीलाई सुनाउँदा नेवार्नीले "ए अब तिम्री सौता आउने भइन् ?" (कोइराला, २०५४, पृ. ३८) भनेर प्रश्न गर्दा पवित्राबाट अत्याहटको स्वर निस्कँदै 'धत्' भनेर उनी अनौठो ढङ्गबाट हाँसिरहनु, छिमेकका नोकर्नीहरूसँग रत्यौली खेल्दा ढाकाको चोलो र रेसमी फरियामा दुलहीका भूमिकामा आई पहिले लाज मान्ने भाव देखाउनु र पछि आवेशमा आएर दुलाहा बन्नेको गोडामा परेर हुँक्क हुँक्क गरेर खुब रुनु, एकछिनपछि बिस्तार बिस्तार उठेर कोठामा गई भित्रबाट ढोका लगाउनुजस्ता प्रतिक्रियाबाट उनमा रहेको यौनशक्तिमाथि दुर्घटना भएको पुष्टि हुन्छ । यसबाट पवित्रामा गम्भीर रूपमा मनस्तापको विकास भएको छ । यो मनस्तापसँग सम्बन्धित सारवस्तुलाई नाटकीकरणका माध्यमबाट व्यक्त गर्न यो कथा सफलसमेत भएको छ ।

दुलही भित्र्याइसकेपछि पवित्राले केशवदेवलाई सम्बोधन गर्दै सुनका बाला टक्र्याएपछि केशवदेव चुरालाई उठाएर औँलामा नचाउँदै घोरिन थाले । यसबेला मात्र केशवदेवले आफूमाथि पवित्राको समर्पण तथा अहिले आएर मोहभङ्ग भएको अनुभूति गरेका छन् । यसमा केशवदेवको कुनै कमजोरी देखिँदैन । उनी पवित्रालाई मात्र दयाको भावले हेर्दै र घरमा सुसारे वा नोकर्नीका भूमिकामा रहेकी भान्सेबाहुनी मात्र ठान्दथे । घरमा दुई जना स्त्रीपुरुषमात्र लामो समय रहँदा पनि कुनै किसिमको अनैतिक यौनदृष्टि नरहनुले केशवदेव सामाजिक नैतिक मर्यादामा रहेका असल चरित्र हुन् भन्ने पुष्टि हुन्छ । कथामा पवित्राको मात्र एकपक्षीय यौनाकाङ्क्षाको उत्कर्षता देखिन्छ । यही यौनाकाङ्क्षामाथिको दुर्घटनाले उनी कथाका अन्त्यमा मनस्तापीय चरित्रका रूपमा देखापरेकी छन् । केशवदेवको विवाहपछि पवित्रा क्रमश: घरबाट बाहिरियाजस्तै भएकी छन् । भान्साको काम केशवदेवकी पत्नीले गरे पनि केशवदेवको रुचि अरुचिका बारेमा उनी दुलहीलाई सुझाव दिइरहन्थिन् । दुलहीले काम बिगार्दा फरियाको फुर्को मुखमा बुजो लगाएर उता फर्केर हाँस्थिन् । यी घटनासन्दर्भले पवित्रा केशवदेवको अपेक्षालाई दुलहीले कसरी पूर्ति गर्लिन् भन्ने विस्मयमा रहेकी छिन् भन्ने देखाउँछ । आफू केशवदेवको जीवनबाट पर पुऱ्याइएकी पात्रका रूपमा उनले आफूलाई बुझेकी छन् । यही बुझाइले उनलाई जीवनप्रति निरास बनाएको छ । उनमा रहेको जीवनेच्छा मरणेच्छातर्फ उन्मुख भएको छ । पवित्राको यो मनस्तापीय परिस्थितिलाई कथाका अन्त्यमा यसरी प्रस्तुत गरिएको छ - "दिउँसो भाँडा माज्दा छिमेकी नेवार्नीलाई भन्थिन् - बुढी हुन थालिछु । चाँडै थाक्छु । पानी ओसार्दा स्वाँ स्वाँ हुन्छ । राती जीउ कट्कटी खान्छ । अब कक्रक्क परेर गुँडुलिएर बस्नुपर्ने भएछ" (कोइराला, २०५४, पृ. ३८) । पवित्राको यो अभिव्यक्तिले जीवनप्रतिको उनको हताशा र मनस्तापलाई व्यक्त गरेको देखिन्छ । यही मनस्तापको अभिव्यञ्जना नै 'पवित्रा' कथाको सारवस्तु हो । यस कथामा कथाकारले अत्यन्तै सचेत कथाशिल्पी बनेर प्रस्तुत सारवस्तुलाई प्रस्तुत गरेका

छन् । समष्टि कथाको पठनपछि यौनशक्तिले उपयुक्त निकास नपाएन भने व्यक्ति शारीरिक तथा मानसिक रूपमै कमजोर भई हताशामा पुग्छ भन्ने सारवस्तुको अभिव्यक्ति भएको छ ।

***सारवस्तुका अभिव्यञ्जनमा कथोपकरणहरूको भूमिका***

'पवित्रा' कथामा सारवस्तुका अभिव्यञ्जनामा कथानक, पात्र, दृष्टिविन्दु, परिवेश एवम् भाषिक प्रतीकहरूले उपयुक्त भूमिका खेलेका छन् । यी तत्त्वहरूमध्ये पनि चरित्रविधानले यस कथामा सारवस्तुको अभिव्यञ्जनका लागि सबैभन्दा बढी भूमिका खेलेको देखिन्छ । यहाँ यी तत्त्वहरूले सारवस्तुका प्रतीतिमा केकस्तो भूमिका खेलेका छन् भन्ने सन्दर्भलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

**कथानकको भूमिका :** 'पवित्रा' कथामा रैखिक ढाँचामा कथानको विन्यास गरिएको छ । केशवदेवका घरमा भान्छे बाहुनीका रूपमा रहेकी पवित्राले केशवदेवको सबै घर काम पत्नीवत् भूमिकामा रही सम्पन्न गर्दै जानु, उनको अवचेतनले केशवदेवलाई पतिविम्बका रूपमा हस्तक्षेप गर्दै जानु, केशवदेवको बिहे हुने कुराले उनको मनस्थितिमा गम्भीर प्रभाव पर्नु, आफ्नो सारा कमाइले दुलहीलाई चुरा किनेर उपहार दिनु र आफू बुढिँदै र कक्रिँदै गएको अनुभूतिमा पुग्नुजस्ता घटनालाई क्रियाव्यापार एवम् द्वन्द्वका सहायताले तुनेर यस कथामा कथानकको निर्माण गरिएको छ । यस तात्पर्यमा यौनच्छालाई केन्द्रमा राखी पवित्रा र केशवदेवका बिचको अन्तरसम्बन्ध र उनीहरूको जीवनगतिसँग सम्बन्धित घटनाचक्रबाट जीवनशक्तिप्रतिको दुर्घटनाबाट सिर्जना भएको मनस्तापसँग सम्बन्धित सारवस्तुलाई अभिव्यक्त गरिएकाले प्रस्तुत कथामा सारवस्तुको व्यञ्जनाका लागि कथानकको सहज भूमिका रहेको छ । कथामा पवित्राको शारीरिक बनोट तथा केशवदेवको जीवनस्थितिको परिचयसँगै प्रच्छन्न रूपमा सारवस्तुलाई विचारसूत्रका रूपमा अङ्कुरण गरिएको पाइन्छ । कथानकको विकाससँगै सारवस्तुले मूर्त आकार लिँदै गएको छ । केशवदेवले बिहे गर्ने निर्णय गरेको घटना कथानकको चरमोत्कर्षको अवस्था हो । यही चरमोत्कर्षका अवस्थामा पुग्दा पवित्राको एषणामाथि आघात भएको भएको छ र पवित्रा मनस्तापको चरमअवस्थामा पुग्छिन् । यस अवस्थामा सारवस्तुले पनि प्राय: उत्कर्षता प्राप्त गरिसकेको देखिन्छ । यसपछि यौनकुण्ठाको प्रकटीकरण तथा मानसिक रुग्णतासँग सम्बन्धित घटनाहरू कथामा प्रयुक्त छन् । पवित्राले केशवदेवसँग आफ्नो तलब माग्नु, यसले दुलहीका लागि सुनका चार वटा बाला किन्नु, केशवदेवलाई सम्बोधन गर्दै दुलहीलाई उपहार चढाउनु, रत्यौली खेल्दा दुलही बनेर भूमिका निर्वाह गर्दै जाँदा आकस्मिक रूपमा पवित्रा रुनु तथा अन्त्यमा पवित्राले आफू शारीरिक रूपमा समेत कमजोर बन्दै गएको कुरा व्यक्त गर्नुजस्ता उपसंहारका घटनाहरूले उक्त सारवस्तुलाई परिपुष्ट बनाउन विशेष भूमिका खेलेका छन् । यस तात्पर्यमा प्रस्तुत 'पवित्रा' कथामा कथानकको प्रारम्भ, विकास, चरमोत्कर्ष र प्रतिचरमोत्कर्षका घटनाहरूकै शृङ्खलाको तार्किक विन्यासबाट सुरुदेखि नै बीजाङ्कुरित भएको कथासूत्र प्रच्छन्न रूपमा गतिशील भई सारवस्तुका रूपमा व्यञ्जित भएकाले यसमा कथानकले सारवस्तुको व्यञ्जनाका लागि भूमिका खेलेको पाइन्छ ।

**चरित्रविधानको भूमिका :** 'पवित्रा' चरित्रप्रधान कथा हो । कथामा घटनालाई भन्दा बढी चरित्राङ्कनमा कथाशिल्पको उपयोग गरिएको छ । यस कथामा पवित्रा र केशवदेव मुख्य चरित्रका रूपमा आएका छन् । नेवार्नी र दुलही कथाका गौण चरित्र हुन् । कथामा अन्य चरित्रको भूमिका देखिँदैन । यी चरित्रहरूमध्ये पवित्राको चरित्राङ्नमा नै काथाकार केन्द्रित रहेका छन् । उनी नै यस कथाकी केन्द्रीय चरित्र हुन् । कथामा प्रत्यक्ष विधिकै माध्यमबाट पवित्राको चरित्राङ्कन भएको छ - "आँखा तानिएका, घाँटी गाँडले विकृत भएको, देब्रे गोडा दाहिनेभन्दा सानो भएकाले हिँड्दा

खोच्याएर हिँड्नुपर्ने, ईश्वरको यो राम्रो सृष्टिमा पवित्रा त्यस्ती एउटी प्राणी थिइन् । तिनलाई बाहुनी भनीकन भात पकाउने ठाउँमा पस्न दिनु हिन्दू धर्मको खिसी गर्नुजस्तो थियो” (कोइराला, २०५४, पृ. ३५) ।

कथामा प्रत्यक्ष विधिबाट पवित्राको र नाटकीकरण विधिबाट केशवदेवको चरित्राङ्कन गरी विशेषत: पवित्राके चरित्राङ्कनका माध्यमबाट सारवस्तुको अभिव्यञ्जन गरिएको पाइन्छ । शारीरिक रूपमा विकलाङ्ग र आर्थिक दृष्टिले विपन्न भएकै कारणले हुनुपर्छ उनी केशवदेवका घरमा भान्सेबाहुनी भएर जीविका चलाउन बाध्य छिन् । केशवदेवको एक्लो पारिवारिक जीवनमा भान्सेबाहुनीका रूपमा प्रवेश गरेपछि चाहिँ उनी केशवदेवकै जीवनसङ्गी भएर बस्न चाहान्छिन् भन्ने कुरा यसपछिका घटनासन्दर्भले देखाएका छन् । उनी केशवदेवको सेवासुसारमा कुनै कमी हुन दिन्नन् । केशवदेव आफूप्रति निष्पृह हुने हुन् कि भन्ने भय र द्वन्द्वले उनलाई प्रताडित बनाइरहेको देखिन्छ । केशवदेवले अरू नै नारीलाई जीवनसङ्गी बनाएपछि उनका मनमा दमित भएर बसेका कुण्ठाहरूको प्रकटन हुन थालेको छ । केशवेदले बिहे गर्ने भन्ने कुरा सुन्ने बित्तिकै उनी अति दु:खित भएकी छन् । त्यस दिन उनी कसैसँग बोलिनन् । रत्यौली खेल्दा आवेशमा आएर दुलाहा हुनेका गोडामा घोप्टिएर रोइन् । एक छिनपछि ढोका लगाएर एक्लै बसिन् । यी सबै क्रियाहरू कुण्ठाहरूको प्रकटनसँग नै सम्बन्धित रहेका छन् । यिनै सन्दर्भबाट कथाकारले उनको मनो रचनाको अध्ययन समेत गर्न खोजेका छन् । केशवदेवको निर्णयले पवित्रामा मनस्तापका साथै निराशा एवम् हतोत्साहसँग सम्बन्धित अनुभूतिको विकास हुनु, उनका अवचेतनमा रहेका दमित कुण्ठाहरूको एकाएक विस्फोटन हुनु, पवित्रामा एक किसिमले जीवनप्रतिकै शून्यता र निराशाको बोध हुनुजस्ता पवित्राका चरित्रमा पाइने विशेषताहरूको विश्लेषण गरी प्राप्त्याशामा कुठाराघात भएमा जीवनका उत्साहहरू समाप्त भई व्यक्ति मनोरुग्ण भएर बाँच्न विवश सारवस्तुलाई यस कथामा प्रस्तुत गरिएको पाइन्छ । उनकै यावत् क्रियाव्यापारबाट कथाले पूर्णता प्राप्त गरेको छ । कथामा विकसित भएका घटनाहरूले उनलाई सामान्यदेखि असामान्य अवस्थासम्म डोहोर्‍याएका छन् । उनी अनेकन कुण्ठाद्वारा सताइएकी चरित्रका रूपमा चित्रित भएकी छन् । उनका दमित कुण्ठाहरू, तिनीहरूको परिपूर्तिका लागि गरिएका कार्य तथा तिनका दमन वा अतृप्तिबाट विकसित मनस्तापजस्ता यावत् पक्षको परीक्षण पवित्रामाथि गरी यौनशक्तिको निकास नहुँदा व्यक्तिमा कुण्ठा, निराशा, पलायन तथा जीवनप्रति मोहभङ्ग हुन्छ भन्ने सारवस्तुको प्रक्षेपण गरिएकाले पवित्रा कथामा सारवस्तुका अभिव्यञ्जनामा चरित्रविधान सबैभन्दा विशिष्ट कथोपकरणका रूपमा देखापरेको पुष्टि हुन्छ ।

**परिवेशविधानको भूमिका :** प्रस्तुत ‘पवित्रा’ कथामा प्रयोग गरिएको परिवेशले पनि सारवस्तुलाई अन्योक्तिमूलक अथवा नाटकीकृत रूपमा अभिव्यक्त गर्न विशेष भूमिका खेलेको देखिन्छ । कथामा केशवदेवलाई एक्लो अविवाहित युवकका रूपमा चित्रण गरिएको छ । घरमा एक्लो अविवाहित पुरुषका रूपमा रहेको केशवदेवप्रति पवित्रा विश्वस्त हुनामा एक्लो घर, छिमेकीहरूको कमै मात्रामा आवतजावतको अवस्था, केशवदेवको यौवन अवस्था, रातदिन केशवदेवका सबै कार्यमा सहयोगी बन्नुपर्ने पवित्राको भूमिकाजस्ता परिवेशगत कारणले गर्दा पवित्राका मनस्थितिमा केशवदेवप्रतिको आस्था, विश्वास तथा समर्पण भावका साथै अव्यक्त रूपमा पत्नीपतित्व सम्बन्धको आशाप्रद अनुभूतिको विकास भएको देखिन्छ । कथामा दमित कुण्ठाको प्रकटरणका लागि रत्यौलीसँग सम्बन्धित सांस्कृतिक परिवेशलाई प्रस्तुत गरिएको छ । दुलहीको भूमिकामा रहेकी पवित्राले दुलहाका भूमिकामा रहेका पात्रको खुट्टामा परेर रोएको घटना सन्दर्भले कथामा यौनकुण्ठाको प्रकटनका लागि उपयुक्त परिवेशको काम गरेको छ । यस तात्पर्यमा उपयुक्त कथानक, चरित्रका साथै तदनुरूपकै विशिष्ट परिवेशको चित्राङ्कनका माध्यमबाट यस कथामा सारवस्तुलाई व्यञ्जित गरिएकाले यसका अर्थ सापेक्षणमा परिवेशविधानको पनि विशिष्ट भूमिका रहेको पुष्टि हुन्छ ।

**दृष्टिविन्दुको भूमिका :** दृष्टिविन्दु कथाका माध्यमबाट सारवस्तुलाई पाठकसमक्ष सम्प्रेषण गर्ने प्रस्तुतीकरणसँग सम्बन्धित तत्त्व हो (श्रेष्ठ, २०६८, पृ. १०) । कथामा कथाकारले निश्चित पात्रलाई दृष्टिविन्दु चरित्रका रूपमा उपस्थापन गरी उसैका संवेगका माध्यमबाट विचारतत्त्व, जीवनदृष्टि वा सारवस्तुलाई प्रक्षेपण गरेको हुन्छ । प्रस्तुत 'पवित्रा' कथामा कथाकारले तृतीय पुरुष सीमित दृष्टिविन्दुको प्रयोग गरी दृष्टिविन्दु पात्रका रूपमा पवित्रालाई चयन गरेर उनकै संवेगका माध्यमबाट सारवस्तुलाई प्रक्षेपण गरेका छन् । यौनशक्ति वा जीवनशक्तिका विगठनबाट सिर्जित मनस्तापीय विक्षिप्तिको अभिव्यक्तिसँग सम्बन्धित सारवस्तुलाई कथाकारले उनकै चरित्राङ्कनबाट प्रस्तुत गरेका छन् । कथामा प्रस्तुत भएका "जब तिनले सुनिन् बाबुले एउटी केटीको तस्बिर हेरेर उनीसँग विवाह गर्ने निश्चय गरे तब उनलाई भयानक दुःख भयो" (कोइराला, २०५४, पृ. ३८), "पवित्रा लाज मान्ने भाव देखाउँदा देखाउँदै दुलाहा बन्नेको गोडामा परेर रुन पो थालिन् । सबैजना छक्क परे" (पृ. ३९) जस्ता सन्दर्भहरूले पवित्राकै संवेगका माध्यमबाट यस कथामा सारवस्तुको अर्थप्रेषण गरेको पुष्टि हुन्छ । यी साक्ष्यहरूले पवित्राको व्यक्तिगत परिचय, आवेगसंवेग तथा यौनेच्छा वा एषणाको दुर्घटनाबाट विकसित भएका कुण्ठा एवम् तिनको प्रकटीकरणलाई सङ्केत गरेका छन् । सिङ्गो कथा उनकै संवेगबाट गतिशील भई यसैका माध्यमबाट सारवस्तुलाई व्यञ्जित गरिएकाले प्रस्तुत कथामा सारवस्तुको अन्योक्तिपरक अर्थ सम्प्रेषणमा दृष्टिविन्दुको समेत भूमिका रहेको देखिन्छ ।

**भाषिक प्रतीकहरूको भूमिका :** 'पवित्रा' कथामा पवित्राको मनस्थितिको विश्लेषण गरी उनमा विकसित भएको मनस्तापसँग सम्बन्धित सारवस्तुको प्रतीतिका लागि विभिन्न प्रतीकहरूको समेत प्रयोग गरिएको पाइन्छ । कथामा केशवदेवले प्रयोग गरेको थोत्रो काइँयो तथा मालीमा राखेको तेल प्रतीकका रूपमा प्रयोग भएका छन् । पवित्रा केशवदेवकै थोत्रो काइँयाले कपाल कोर्दछिन् । यी प्रतीकहरूले पवित्रा केशवदेवकै कन्याइ र तेल घर्षणले जीवनलाई आनन्दित पार्न चाहन्छिन् भन्ने अर्थ ध्वनित गरेका छन् । केशवदेवलाई सम्बोधन गर्दै दुलहीलाई टक्र्याएका चारवटा सुनका चुरा पनि प्रतीकका रूपमा नै आएका छन् । यी चुराले एकातिर मोहभङ्गको भावलाई ध्वनित गरेका छन् भने अर्कातिर केशवदेवप्रतिको पवित्राको समर्पण र त्यागका साथै बाँकी जीवनप्रतिको निराशा तथा निस्पृहतालाई सङ्केत गरेका छन् । कथामा रेसमको रातो फरिया र ढाकाको चोली पनि प्रतीककै रूपमा प्रयोग भएका देखिन्छन् । यी कपडाहरू यहाँ जीवनप्रतिको रङ्गरसका प्रतीक बनेर आएका छन् । यिनलाई पवित्रताले रत्यौली खेल्दा बेहुलीको भूमिकामा नाटक गर्दा मात्र प्रयोग गर्नुले यही कुरालाई सङ्केत गर्दछ । कौसीमा छरिएका भातका सीता टिप्न आउने कौवाहरूलाई पवित्राले बारम्बार लखेट्न खोज्छिन् तर ती पवित्रतालाई नटेरी आइरहन्छन् । यी कौवा पनि पवित्राका मनमा विकसित भएका यौनज्वारका प्रतीक हुन् । यस्ता आवेगलाई पवित्रा आफ्नो जीवनमा कुण्ठित बनाएर दबाइरहेकी छन् तर पनि यिनीहरू कुनै न कुनै रूपमा प्रकट भइरहेका छन् । यी आवेग तथा आकाङ्क्षाको उपयुक्त किसिमले पूर्ति नभएकै कारण पवित्रामा मनस्ताप एवम् निराशाको विकास भएको छ । यस तात्पर्यमा प्रस्तुत कथामा सारवस्तुका अभिव्यञ्जनमा कथामा प्रयोग गरिएका प्रतीकहरूले पनि विशेष भूमिका खेलेको देखिन्छ । यसरी प्रस्तुत कथामा कथानक, चरित्र, परिवेश, दृष्टिविन्दु, भाषिक प्रतीकजस्ता कथाका उपकरण वा संरक्षक तत्त्वहरूले उपयुक्त यौगिक विन्यासमा माध्यमबाट सारवस्तुलाई नाटकीकृत गरी व्यञ्जित गरेका छन् । यस तात्पर्यमा 'पवित्रा' कथामा सारवस्तुका अभिव्यञ्जनामा उल्लिखित तत्त्वहरूले अभिव्यञ्जक कथोपकरणका रूपमा काम गरेको देखिन्छ ।

### *पवित्रा कथामा सारवस्तुको अर्थसापेक्षता*

'पवित्रा' कथामा अन्योक्तिमूलक अथवा रहस्यात्मक ढाँचाबाट सारवस्तुको व्यञ्जना गरिएको छ । यस तात्पर्यमा पवित्रा कथाको अर्थसापेक्ष अन्योक्तिमूलक अथवा व्यञ्जनात्मक प्रकृतिको रहेको देखिन्छ । कथामा

सारवस्तुलाई बिनाआग्रहीकरण नाटकीय रूपमा प्रस्तुत गरिएको छ । योनेच्छा वा यौनशक्तिले उपयुक्त निकास पाउन सकेन भने व्यक्तिमा निराशा तथा मरणेच्छासमेत सिर्जना गरिदिन्छ भन्ने कुरालाई सारवस्तुका रूपमा अभिव्यक्त गर्न यस कथामा पवित्रालाई मुख्य माध्यम बनाई उनका यौनाकाङ्क्षा, त्याग, तत्परता, एषणा तथा केशवदेवमाथिको एकाधिकारपूर्ण सम्प्रभुत्वको अनुभूतिसँग सम्बन्धित मनोभावलाई प्रस्तुत गरिएको छ । केशवदेवले अर्कैसँग बिहे गर्दा पवित्रा दुःखी भइन् भन्ने विषय वा कथ्य यसमा अभिधेयका तहमै अभिव्यक्त भए पनि जीवनशक्तिको दुर्घटना, यौनशक्तिले मानिसको जीवनमा खेल्ने भूमिकाको विश्लेषण, दमित यौनेच्छाको परिणतिका रूपमा देखिने यौनविकृति तथा संवेगजन्य असामान्य मनोदशाको उद्घाटन, कुण्ठित मनोवृत्तिको प्रकटनजस्ता यस कथामा प्रस्तुत गरिएका सारवस्तुसँग सम्बन्धित पक्षहरूचाहिँ प्रतीकात्मक वा अन्योक्तिमूलक अथवा रहस्यात्मक रूपमा व्यञ्जित भएकाले प्रस्तुत कथामा सारवस्तुको अभिव्यञ्जनको ढाँचा पूर्णतया अन्योक्तिमूलक रहेको देखिन्छ । यसो त यस कथामा थुप्रै यौनप्रतीकहरूको समेत प्रयोग गरिएको छ । प्रतीकहरूको प्रयोगका आधारमा यसलाई प्रतीक वा सङ्केतका माध्यमबाट सारवस्तुलाई प्रस्तुत गरिएको प्रतीकात्मक ढाँचाको कथा मान्न सकिने आधार देखिए पनि यी प्रतीकहरूसमेत सारवस्तुका व्यञ्जनामा सहयोगी बनेकाले कथा पूर्णरूपमा अन्योक्तिमूलक बनेको छ । कथामा सारवस्तुका अर्थक्षेपणका निम्ति अनेक प्रतीकहरूको प्रयोग गरे पनि समग्रतामा यी प्रतीकहरूले समेत जीवनेच्छाको दुर्घटनाबाट सिर्जित मनस्तापसँग सम्बन्धित सारवस्तुका अभिव्यक्तिमा व्यञ्जक उपकरणका रूपमा मात्र भूमिका खेलेका हुनाले कथामा पूर्णत अन्योक्तिमूलक ढङ्गबाट सारवस्तुलाई व्यञ्जित गरिएको पुष्टि हुन्छ ।

'पवित्रा' कथामा यौनेच्छा वा जीवनशक्तिको उपयुक्त निकास नपाए मान्छे जीवनप्रति नै निष्पृह बन्दै जान्छ भन्ने सारवस्तुलाई प्रस्तुत गर्ने सन्दर्भमा मनोविश्लेषणसँग सम्बन्धित विभिन्न रहस्यको उद्घाटन भएको छ । कथामा पवित्राको कुण्ठा, निराशा, हताशा, मनस्ताप, ईर्ष्या, आत्मपीडन, भयजस्ता संवेगात्मक पक्षहरूको अभिव्यक्ति सहज रूपमा भएको देखिन्छ । पवित्रा केशवदेव आफूप्रति निष्पृह हुन्छन् कि भन्ने भयद्वारा सञ्चालित छिन् । केशवदेवका गृहस्थीका सबै पक्षलाई पुरातन समाजकी पतिभक्ता नारीले जस्तै अति सचेतताका साथ निर्वाह गरिरहनु भयजन्य संवेगको परिणति हो । उनी विकलाङ्ग तथा एक्ली अविवाहित हुन् । यसै कारण उनमा जिजीविषासँग सम्बन्धित अनेक कुण्ठाहरू दमित भएर बसेका छन् । रेसमी फरिया तथा ढाकाको चोलो तथा सुनका गहनामा सजिएर गुलाबजस्तो अनुहारमा सजिई धेरै नारीहरूमध्ये विशिष्ट नारी भएर बाँच्न चाहने उनको उच्च अहम् परितुष्टिका अभावमा उनको अचेतनमा कुण्ठित भएर बसेको छ । यस अवस्थामा केशवदेवले अर्कै नारीलाई बिहे गर्ने कुरा सुनेर उनी चरम मनस्तापमा पुगेकी छन् । यो मनस्तापले उनलाई विच्छिप्त बनाएको छ । उनको अवचेतनमा दमित कुण्ठा रत्यौलीमा असामान्य रूपमा प्रकटित भएको छ । उनी दुलहा बन्नेको गोडामा परेर खुबसँग रोएकी छन् । यसपछि उनी जीवनदेखि नै हतास बनेकी छन् । अब कक्रक्क परेर बस्नुपर्ने भएछ भन्दै उनी आफ्नो समग्र जीवनेच्छा समाप्त भएको निष्कर्षमा पुगेकी छन् । यसरी कथामा उल्लिखित सारवस्तुलाई प्रक्षेपण गर्न पवित्राका विभिन्न संयोगहरूलाई कथाकारले अन्योक्तिमूलक ढाँचामा नै प्रस्तुत गरी यसै आधारमा सारवस्तुलाई अभिव्यक्त गरेका हुनाले प्रस्तुत कथाको सारवस्तुको अर्थसापेक्षता अन्योक्तिमूलक रहेको पुष्टि हुन्छ ।

**निष्कर्ष**

सामाजिक सांस्कृतिक पृष्ठभूमिमा पात्रको मनस्थितिको विश्लेषण गर्ने मनोविश्लेषणवादी कथाकार विश्वेश्वरप्रसाद कोइरालाको 'पवित्रा' रतिरागात्मक मनोवैज्ञानिक कथा हो । कथाकी पात्र पवित्रालाई केन्द्रीय चरित्र बनाई उसैको मनोजगत्को विश्लेषण गरी सारवस्तुलाई प्रस्तुत गरिएको यस कथाको अर्थसापेक्षता अन्योक्तिमूलक

रहेको छ । व्यक्तिले आफ्ना आकाङ्क्षाहरूलाई पूरा गर्न पाएन भने उसमा निराशा, पलायन तथा मरणेच्छासमेत सिर्जना हुन्छ भन्ने मुख्य सारवस्तुलाई यस कथामा अन्योक्तिमूलक वा व्यञ्जनात्मक ढाँचामा प्रस्तुत गरिएको छ । यही सारवस्तुलाई परिपुष्ट बनाउने सन्दर्भमा पवित्राको मनोसंरचना एवम् मनोग्रन्थिहरू चिरफारका माध्यमबाट यौनशक्तिले मान्छेको जीवनमा खेल्ने भूमिका, दमित यौनच्छाको परिणामस्वरूप देखापर्ने यौनविकृति एवम् असामान्य गतिविधिको उद्घाटन, कुण्ठित मनोवृत्तिको प्रकटन, असामान्य रूपमा विकसित भएको मनस्ताप, आत्मपीडन, ईर्ष्या, भय, निराशाजस्ता मनोवृत्तिहरूको विश्लेषण गरिएको छ । कथाका अन्त्यमा पवित्रामा जीवनप्रति नै निराशाबोध भएको सङ्केत गरी कामशक्ति वा जीवनशक्तिमाथिको दुर्घटनाले मान्छे जीवनदेखि नै निराश हुने मुख्य सारवस्तुलाई व्यञ्जित गरिएको छ । यसरी यौनशक्तिको दुर्घटनाबाट व्यक्तिका मनस्थितिमा हुने मनस्तापलाई सारवस्तुका रूपमा व्यञ्जित गर्नु नै यो कथाको मुख्य उद्देश्य रहेको देखिन्छ ।

प्रस्तुत कथामा सारवस्तुलाई कहीँकतै पनि प्रत्यक्ष वा अभिधेय रूपमा प्रकट गरिएको छैन । यसलाई कथाको प्रारम्भदेखि अन्त्यसम्म नै कथासूत्रका रूपमा प्रछन्न रूपमा व्यञ्जनाका तहमा विस्तारित गरिएको छ भने कथामा समग्र घटनाहरूको तार्किक संयोजनका कारणबाट उक्त सारवस्तु परिपुष्ट भई अन्योक्तिपक भएर ध्वनित भएको छ । यसका अभिव्यञ्जनाका लागि कथामा कथानक, चरित्र, परिवेश, दृष्टिविन्दु एवम् उपयुक्त प्रकृतिका यौन प्रतीकहरूले भूमिका खेलेका छन् । कथामा पवित्राको चरित्रलाई साधन बनाएर यौन शक्तिको दुर्घटनाबाट विकसित हुने मनस्तापसँग सम्बन्धित मनोविज्ञानको परीक्षण गरिएको छ । यस कथामा व्यक्तिका अवचेतनमा रहेका कुण्ठाहरूको प्रकटीकरण केकसरी हुन सक्छन् भन्ने कुराको परीक्षण पनि पवित्राका चरित्रका माध्यमबाट नै गरिएको पाइन्छ । कथामा मान्छेको जीवनलाई गतिशील बनाउने तत्त्व नै जीवनशक्ति, यौनशक्ति वा लिबिडो हो र यसमाथि दुर्घटना भएमा व्यक्तिमा निराशा पलायनजस्ता संवेगहरूको विकास भई मान्छे आत्मपीडनको सिकार बन्न पुग्छ भन्ने सारवस्तुलाई अन्योक्तिमूलक रूपमा प्रस्तुत गरिएको छ ।

## सन्दर्भसामग्री

कोइराला, विश्वेश्वरप्रसाद (२०५४), *दोषी चश्मा* (छै. सं.), साझा प्रकाशन ।
गौतम, लक्ष्मणप्रसाद (२०७२), *लघुकथाको रचनाविधान*, लघुकथा समाज ।
गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९), *नेपाली कथाको इतिहास*, नेपाल प्रज्ञा प्रतिष्ठान ।
पौड्याल, एकनारायण (२०७०), *समालोचनाको स्वरूप र पद्धति*, विमर्श नेपाल ।
बराल, कृष्णहरि र एटम, नेत्र (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास*, साझा प्रकाशन ।
रेग्मी, मुरारीप्रसाद (२०५०), *मनोविश्लेषणात्मक समालोचना (उपन्यास खण्ड)* (दो. सं.), साझा प्रकाशन ।
शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।
शर्मा, हरिप्रसाद (२०५९), *कथाको सिद्धान्त र विवेचना,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
श्रेष्ठ, दयाराम (२०७०), *नेपाली कथा र कथाकार*, नेपाल प्रज्ञा प्रतिष्ठान ।
श्रेष्ठ, दयाराम (सम्पा.) (२०६८), *नेपाली कथा भाग ४* (पाँ. सं.), साझा प्रकाशन ।
श्रेष्ठ, दयाराम (२०६६), *अभिनव कथाशास्त्र*, पालुवा प्रकाशन ।
सुवेदी, राजेन्द्र (सम्पा.) (२०५७), *स्नातकोत्तर नेपाली कथा* (दो.सं.), साझा प्रकाशन ।